नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(...................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

# प्रेस विज्ञप्ति

मिति २०७३।०४।२६ गते नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचनाको कार्य सम्पन्न गर्ने सन्दर्भमा मुख्यसचिवको संयोजकत्वमा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिको निर्णय अनुसार प्रशासन पुनःसंरचना सम्बन्धी खाका तर्जुमा गरी पेश गर्न गठित समूहगत कार्यदलहरुबाट हालसम्म सम्पादित समग्र कार्यप्रगतिको बारेमा छलफल तथा समिक्षा गरिएको छ ।

उक्त कार्यक्रममा मुख्यसचिवज्यूले कार्यदलका लागि स्वीकृत कार्यादेश र Thematic Groups को लागि मिति २०७३।०४।१६ गते दिइएका २५ बुँदे निर्देशन सम्बन्धमा समेत पुनःस्पष्ट पार्दै संविधानको प्रावधान, मर्म र भावना तथा स्वीकृत कार्यविधि अनुरुप अझ प्रभावकारीरुपमा काम गर्न निर्देशन दिनु भयो । समूहगत कार्यदलहरुबाट गरिएका कामको सम्बन्धमा विभिन्न क्षेत्रले जिज्ञासापूर्वक हेरिरहेको विद्यमान परिवेशमा कार्यदलमा आवद्ध सबै सहसचिवहरुले आफ्नो ज्ञान, सीप र व्यवसायिक दक्षताको उच्चतम सदुपयोग गर्दै निर्धारित समयसीमा भित्रै तोकिएको काम सम्पन्न गर्ने गरी दत्तचित्त भइ लाग्न निर्देशन समेत दिनु भएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु र पाँचवटै समूहगत कार्यदलका सहसचिवहरुको सहभागिता रहेको सो अवसरमा कार्यालयका सचिव तथा समूहगत कार्यदल व्यवस्थापन तथा समन्वय समितिका संयोजक श्री चन्द्रकुमार घिमिरेले सहभागीहरुबाट उठाइएका विभिन्न जिज्ञासा उपर प्रष्ट पार्नु भएको थियो ।

२०७३ साउन २७ गते

.............................
विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np